आँबुखैरेनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## आ.व. २०८१/८२-२०८२/८३ को लागि ब्याकहो लोडर मासिक भाडामा लगाउने( आय ठेक्का) सम्बन्धी वोलपत्र आह्वानको सूचना।

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१।१२।०८**

यस आँबुखैरेनी गाउँपालिकाको निर्णय बमोजिम आँबुखैरेनी गाउँपालिका, तनहुँको नाममा रहेको ग १ ग २०० नम्बरको ब्याकहो लोडर आ.व. २०८१।८२ - २०८३।८४ का लागि मासिक भाडामा लगाउने ( आय ठेक्का) वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष २०८०/८१ को कर चुक्ताको प्रतिलिपीहरु संलग्न गरी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको वोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

| ठेक्का नं. | विवरण | न्यूनतम कबोल रकम (अङ्क अग्रिम आयकर र मु.अ.कर बाहेक) | फाराम दस्तुर (पछि फिर्ता नहुने) | धरौटी रकम |
|---|---|---|---|---|
| AKR/BHLE/REV/2081-82 | आ.व. २०८१/८२-२०८२/८३ को लागि ब्याकहो लोडर ( model: B80B, year :2018,Cylinder :4 Nos.,HP:96HP) मासिक भाडामा लगाउने( आय ठेक्का) सम्बन्धी वोलपत्र आह्वान | ७ लाख ५० हजार रुपैंया मात्र। | ३००० (तीन हजार) | कूल कवोल अङ्कको ५% |

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिनेछ।
२. बोलपत्र फारम दस्तुर वापतको रकम यस कार्यालयको माछापुच्छ्रे बैंक लि., आँबुखैरेनी शाखामा रहेको आन्तरिक राजस्व खाता नं.०१७००६१८४५४०००२८ मा जम्मा गरेको बैंक भौचरको को **photo Copy** वा राजश्व तिरेको रसिद पेश गर्नुपर्नेछ।
३. बोलपत्र फारामहरु भरी १६ औं दिनको १२.०० बजे सम्म कार्यालयमा सबै कागजातहरु (नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त, व्यक्ति, फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष कर चूक्ताको प्रमाणित प्रतिलिपी) सहित वोलपत्र पेश गर्नुपर्नेछ।
४. दाखिला हुन आएका वोलपत्रहरु १६ औं दिन (२०८१/१२ /२४ )को १:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट सोही समय र स्थानमा गरिनेछ।
५. बोललपत्रदाताले पेश गरेको बोलपत्र खोल्ने समयमा निजको दर्ता भएको नदेखिएमा वा रित नपुगेका भएमा मुल्याङ्कनमा समाबेश गरीने छैन।
६. वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैंक लि.,आँबुखैरेनी शाखामा रहेको धरौटी खाता नं ०१७००६१८४५४००१०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ। कवुल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
७. ठेक्का सम्झौता गर्दा कवुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिने छ।
८. स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ७०% र दोश्रो किस्ता ३०% किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ७०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकी ३०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०८३ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। ३०% रकमको किस्ता सम्झौताको जेष्ठ महिना भित्र भूक्तानी गर्नुपर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन। अन्य कुराहरु सम्झौता बमोजिम हुनेछ।
९. तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउँपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ। अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ।

१०. कुनै पनि शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन।
११. ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम सम्झौता पश्चात फिर्ता दिईने छ।
१२. वोलपत्रदाताले ब्याकहो लोडरको मर्मत,इन्धन र अपरेटर चार्ज आँफै बेहोर्नुपर्नेछ॥
१३. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१४. आय ठेक्काको म्याद २०८३ असार मसान्त सम्म हुनेछ।
१५. यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।
१६. बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटी हेर्न वा कार्यालय समय भित्र फोन नं. ०६५-५४००८२ मा सम्पर्क गरी राजश्व शाखामा जानकारी लिन सकिने छ।

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत